# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०८०/८१

# रोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रोशी-७, काभ्रेपलाञ्चोक

गाउँसभाका अध्यक्षज्यू,

रोशी गाउँपालिका भित्रका जनताको आर्थिक, सामाजिक, सांस्कृतिक, शासकीय र पूर्वाधारको विद्यमान अवस्थामा सकारामक परिवर्तन ल्याई समग्र क्षेत्रको सुधार गर्ने औजारको रुपमा रहेको वार्षिक बजेटबाट यस गाउँपालिकाका विभिन्न क्षेत्रमा उल्लेखनीय कार्यहरु भएका छन्। आर्थिक वर्ष ०८०/८१ को यस अवधिसम्ममा रोशी गाउँपालिकाले हासिल गरेका प्रगति प्रतिवेदन यस सम्मानित सभा समक्ष पेश गर्न पाउँदा म आफूलाई गौरवान्दित महसुस गरेको छु ।

चालु आर्थिक वर्ष २०८०/८१ मा कुल ७४ करोड २७ लाख ६० हजार आय र सोही अनुरुप व्यय हुने अनुमान गरिएकोमा हालसम्म जम्मा ६२ करोड ५९ लाख १६ हजार १ सय ५८ आय भएको छ र ५२ करोड १ लाख ७३ हजार ६ सय २४ व्यय भएको छ।

आर्थिक वर्ष २०८०/८१ को हाल सम्मको आर्थिक एवं भौतिक प्रगति प्रतिवेदन यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु।

**आर्थिक वर्ष ०८०/८१ को आय व्यय विवरण**

| | **विवरण** | |
|---|---|---|
| | हालसम्मको कुल आय | ६२ करोड ५९ लाख १६ हजार १ सय ५८ |
| | हालसम्मको कुल व्यय | ५२ करोड १ लाख ७३ हजार ६ सय २४ |
| | जम्मा खर्च प्रतिशत | ६९.०५ % |
| | कुल चालु खर्च | ३९ करोड १९ लाख ७४ हजार ३ सय २४ |
| | कुल पूँजीगत खर्च | १२ करोड ८१ लाख ९९ हजार २ सय ९९ |
| | | |

**आन्तरिक आय विवरण**

| **क्रं सं.** | **विवरण** | **आय रकम** |
|---|---|---|
| १ | आन्तरिक श्रोत | १ करोड २३ लाख ५४ हजार १ सय ७८ |
| २ | राजश्व बाँडफाँड | १७ करोड ७९ लाख ८३ हजार ९१ |

**वित्तीय हस्तान्तरण विवरण**

| **क्रं सं.** | **विवरण** | **आय रकम** |
|---|---|---|

| | | |
|---|---|---|
| १ | वित्तीय समानिकरण अनुदान | ८ करोड ५२ लाख ४५ हजार ६ सय ५० |
| २ | सशर्त अनुदान | ३४ करोड ४९ लाख ३ हजार |
| ३ | समपुरक अनुदान | २ करोड ७५ लाख |
| ४ | विशेष अनुदान | १ करोड |

## आ.व. २०८०/०८१ को क्षेत्रगत बजेट तथा खर्च विवरण

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजित रकम | खर्च | प्रगति (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,२९,००,६१९ | २,२३,९१,८७०.८० | ५२.१९ |
| २ | सामाजिक विकास | ४२,६९,७०,३१७.१९ | ३३,२०,६०,१३८.९९ | ७७.७७ |
| ३ | पूर्वाधार विकास | १४,९५,३६,६७८ | ८,७०,३२,००६.४५ | ५८.२० |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | ९३,४०,६०० | ६०,०३,९६१ | ६४.२७ |
| ५ | संस्थागत विकास तथा सुशासन | ९०,६७,३०१ | ४०,३२,७५९.२२ | ४४.४७ |

## प्रशासनिक भवन तथा सवारी साधन तर्फ विवरण

| विवरण | आफ्नै | भाडा | अन्य |
|---|---|---|---|
| प्रशासनिक भवन | १ निर्माणाधिन , २ प्रिफ्याव | | |
| भवन/वडा कार्यालय | १२ वटै वडा | | |
| ईन्टरनेट | १५ वटा स्वास्थ्य संस्था, १६ वटा माध्यमिक विद्यालय | | |
| सवारी सधान | | | |
| दुई पाङ्ग्रे | ५१ | शव – वाहन | १ |
| चार पाङ्ग्रे | ३ वटा | एम्वुलेन्स | ४ वटा |

## सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको विवरण

अनुसूची-६

(नियम २३ को उपनियम(१) सँग सम्बन्धित)

सामाजिक सुरक्षा भत्ता वितरणको विवरण

**जिल्ला :** काभ्रेपलान्चोक **गा.पा/न.पा. :** रोशी **आर्थिक वर्ष :** २०८०/८१

| | पहिलो किस्ता | | दोस्रो किस्ता | | तेस्रो किस्ता | |
|---|---|---|---|---|---|---|
| | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | २२१७ | २६४०८४५६ | २२२३ | २६५४८४०९ | २२२५ | २६५३२२३६ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ८१ | ६३३०८० | ८२ | ६४९०४० | ८० | ६३८४०० |
| जेष्ठ नागरिक एकल महिला | २४९ | १९८१७०० | २५३ | १९९६३३० | २५७ | २०२९८४६ |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका | ० | ० | ० | ० | ० | ० |
| विधवा | ४५८ | ३६२८२४० | ४७२ | ३७१८६८० | ४८० | ३७८५७३० |
| पूर्ण अपाङ्गता भत्ता | १५१ | १७९५५०० | १५५ | १८४७३७० | १५८ | १८८७२७० |
| अति अशक्त अपाङ्गता भत्ता | २४६ | १५५९६२७ | २४५ | १५६४०८० | २४६ | १५६५७८२ |
| क्षेत्र तोकिएका बालबालिका | ० | ० | ० | ० | ० | ० |
| लोपन्मूख बालबालिका | ० | ० | ० | ० | ० | ० |
| दलित बालबालिका | १३९ | २१२८४१ | १४४ | २२०५६७ | १४२ | २१५१५५ |
| लोपन्मुख जाति | ७३ | ८६५८३० | ७३ | ८७३८१० | ७३ | ८६९८२० |
| जम्मा | ३६१४ | ३७०८५२७४ | ३६४७ | ३७४१८२८६ | ३६६१ | ३७५२४२३९ |

- **चालु आ.व. को हालसम्म ३६६१ जना सामाजिक सुरक्षा लाभग्राहीलाई ११ करोड २० लाख २७ हजार ७ सय ९९ रुपैया वितरण गरिएको।**

**व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन**

नेपाल सरकार

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

**रोशी गाउँपालिका**

**जिल्ला :** काभ्रेपलान्चोक **गा.पा/न.पा. :** रोशी **दर्ता मिति देखि :** २०८०-०४-०१ **दर्ता मिति सम्म :** २०८१-०३-०५

| वडा नं. | जन्म | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्य को संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | ५१ | ३६ | ८७ | २० | १५ | | ३५ | २ | ४८ | | | ८ | ३३ | १८० |
| २ | २६ | २६ | ५२ | १९ | १२ | | ३१ | २ | २३ | १ | २ | १ | ६ | ११० |
| ३ | ४० | ४४ | ८४ | १३ | १० | | २३ | ४ | ३४ | २ | ९ | ३ | ११ | १५० |
| ४ | २४ | ३४ | ५८ | ८ | १३ | | २१ | | ३० | | | ५ | २६ | ११४ |
| ५ | २५ | ४० | ६५ | १४ | ८ | | २२ | ३ | ३२ | १ | १ | १ | ८ | १२४ |
| ६ | ४२ | ५२ | ९४ | १९ | ९ | | २८ | २ | ४६ | २ | ११ | ९ | ३० | १८१ |
| ७ | ३४ | ३१ | ६५ | १३ | ९ | | २२ | ५ | ४१ | ७ | १८ | २ | ४ | १४२ |
| ८ | १९ | १३ | ३२ | ६ | ४ | | १० | २ | १५ | | | १ | २ | ६० |
| ९ | ५६ | ३७ | ९३ | २० | २२ | | ४२ | ६ | ५१ | २ | ८ | ६ | २२ | २०० |
| १० | ४९ | ४४ | ९३ | १९ | २० | | ३९ | ७ | ३२ | १५ | ६२ | ९ | ३७ | १९५ |
| ११ | ४९ | ५५ | १०४ | ११ | १२ | | २३ | ३ | ४७ | १ | १ | ४ | १४ | १८२ |
| १२ | ४३ | ५५ | ९८ | १२ | ११ | | २३ | ५ | ३३ | २ | १३ | ७ | २७ | १६८ |
| **जम्मा** | ४५८ | ४६७ | ९२५ | १७४ | १४५ | ० | ३१९ | ४१ | ४३२ | ३३ | १२५ | ५६ | २२० | १८०६ |

- **चालु आ.व. को हालसम्म जन्मदर्ता ९२५, मृत्यु दर्ता ३१९, सम्बन्ध विच्छेद ४१ वटा, विवाह दर्ता ४३२ वटा, बसाई सरी आउने १२५ जना र बसाई सरी जाने २२० जनाले सेवा प्राप्त गरेको ।**

## विभिन्न तह र निकायको मूल्याङ्कनमा गाउँपालिकाको अवस्था

| विषयगत क्षेत्र | आ.ब. ०७९/८० को नतिजा अंक |
|---|---|
| स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) | ६९.५ |
| स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन (FRA) | ७२ |
| वित्त आयोगको कार्यसम्पादन मूल्याङ्कन | ७२.३९ |
| आ.व. २०७९/८० को म.ले.प.को प्रतिवेदन अनुसारको बेरुजु | ०.२२% |

**गाउँपालिकाले विषगत क्षेत्रगत रुपमा आ.व २०८०/८१ मा सम्पादन भएका कार्यहरुः**

**संस्थागत सुशासनः**

- आ.व. २०८०/८१ मा ३ वटा कार्यविधि तर्जुमा गरि कार्यान्वयनमा ल्याईएको छ।
- रोशी गाउँपालिकाको १२ वटै वडा कार्यालयहरु मार्फत अनलाईनबाट राजश्व संकलन गर्ने कार्यको थालनी गरिएको छ।
- प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बीच तथा शाखा प्रमुख र शाखाका अन्य कर्मचारी बीच कार्यसम्पादन सम्झौता गरी कार्य सम्पादनको व्यवस्था मिलाइएको छ।
- चालु आ.व. सम्मको गाउँ कार्यपालिकामा कार्यरत सबै स्थायी कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गरिएको छ।
- रोशी गाउँपालिका, खानीखोला गाउँपालिका, महाभारत गाउँपालिका र बेथानचोक गाउँपालिका बीच गाउँपालिका कार्यालयमा अन्तरपालिका समन्वय वैठक सम्पन्न गरिएको। साथै नमोबुद्ध नगरपालिका, रोशी गाउँपालिका र तेमाल गाउँपालिका बीच नमोबुद्ध नगरपालिकामा अन्तरपालिका समन्वय वैठक सम्पन्न गरिएको।
- वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना र खरिद योजना तयार गरी कार्यान्वयन गरिएको।
- गाउँपालिकामा रहेका विभिन्न समितिहरुको बैठक संख्या देहायनुसार रहेको छ।
  - ✓ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति ४ वटा
  - ✓ सामाजिक विकास समिति ३ वटा
  - ✓ आर्थिक विकास समिति ७ वटा
  - ✓ अनुगमन तथा सुपरिवेक्षण समिति ३ वटा

- चालु आ.व.को हालसम्म १२ वटा कार्यपालिका वैठक र १४ वटा कर्मचारी वैठक सम्पन्न गरिएको छ।
- गाउँपालिकाको राजश्व सुधार कार्ययोजना र दोस्रो पञ्चवर्षीय आवधिक योजना निर्माणको कार्य सम्पन्न भएको छ।
- गाउँपालिकाबाट हुने सबै भुक्तानीहरुमा EFT (Electronic Fund Transfer) प्रणाली लागु गरिएको ।
- गाउँपालिकाको आन्तरिक राजश्व बृद्धि गर्न गाउँपालिकाले सबै वडाका टोल बस्तीमा राजश्व सुधार विशेष अभियान संचालन गरिएको।
- सेवा प्रवाह र कार्य सम्पादनको प्रगति मूल्याङ्कन गर्न र सम्बन्धित निकायमा संप्रेषण गर्न त्रैमासिक, चौमासिक र वार्षिक समीक्षा सम्पन्न गरिएको।
- वित्तीय सुशासन कायम गरी गाउँपालिकाको बेरुजु न्युनिकरण गर्न सेवा प्रवाह र कामकारवाहीलाई जवाफदेही र पारदर्शी बनाईएको छ।
- रोशी गाउँपालिका भित्रका विषयवस्तुलाई प्राथमिकताका साथ समेटिने गरी दैनिक ४ पटक सम्म समाचार प्रशारण गर्ने र पालिका तथा वडा स्तरीय सूचना तथा सन्देशहरु रेकर्ड गरी प्रशारण गर्न रेडियो रोशी १०१.६ मेगाहर्ज सँग कार्यक्रम सम्झौता गरी कार्य सञ्चालन भएको।
- खेलकुदको माध्यमबाट युवाहरुमा समाजप्रति सकारात्मक सन्देश प्रवाह गर्न अध्यक्ष कप क्योकोशिन कराँते प्रतियोगितामा ६ वटा गाउँपालिका र ४ वटा नगरपालिका सहभागी भएको।
- कार्यालयबाट नियमित रुपमा सम्पादन गरिएका योजना तथा कार्यक्रम एवं नियमित सेवा प्रवाहको प्रभावकारीता मापनका लागि तेस्रो पक्षबाट २ पटक चौमासिक सार्वजनिक सुनुवाई सम्पन्न गरिएको।
- गाउँपालिकाको आर्थिक सहयोग र खे;कुदसँग सम्बन्धित युवा क्लबको संयोजनमा आयोजित अन्तर वडा स्तरीय रोशी कप फुटबल प्रतियोगितामा ९ टिमको सहभागीता रहेको सम्पन्न गरिएको।
- गाउँपालिका स्तरीय विविध गतिविधिहरुलाई समाचार, अन्तर्वाता, गाउँवस्ती टोल र समुदायको नमुना कार्य एवं समस्या उजागर र उदाहरणीय अभ्यास तथा सफलताको कथा प्रचार प्रसार गर्न साप्ताहिक पत्रिकसँग सम्झौता गरी कार्य अगाडी बढाइएको।

- आदिवासी जनजाती पत्रकारहरुको क्षमता विकासका लागि १९ जना पत्रकारहरुलाई सूचना, प्रविधि, संचार तथा मोबाइल पत्रकारिता सम्बन्धी तालिम सञ्चालन गरिएको।
- आदिवासी जनजातिसँग सम्बन्धित चाडपर्वहरुको संरक्षण एवं सम्बर्द्धनका लागि ११ नं. वडा कार्यालय र ८ नं. वडा कार्यालयसँग समन्वय गरी पालिका स्तरीय बृहत ल्होछार कार्यक्रम सञ्चालन गरिएको।
- पालिका क्षेत्रका सडक एवं सार्वजनिक स्थलहरुमा जीवन व्यतित गर्न विवश बौद्धिक अपांगता तथा मनरोगी वालवालिकाहरुलाई आश्रय प्रदान गरी उनीहरुको स्वास्थ्य र खानपानमा सहयोग तथा शिक्षादिक्षामा सहयोग गर्ने कार्यका लागि मानव कल्याण सेवा समाज (सेवा घर) नामक गैरसरकारी संस्थासँग कार्यक्रम सम्झौता गरी कार्य अगाडी बढाईएको।
- गाउँपालिका स्तरीय अनुगमन समितिबले यस अवधिसम्म ३३ वटा आयोजनाहरुको अनुगमन भएको।
- जनप्रतिनिधि र कार्यालयमा कार्यरत कर्मचारीहरुका लागि विभिन्न स्थानहरुको ७ दिने अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको जसमा ३६ जनाको सहभागिता रहेको ।
- गाउँपालिका र सोलुसन रिसर्च प्रा लि को प्राविधिक सहयोगमा महिला जनप्रतिनिधिहरुका लागि २ दिने नेतृत्व विकास तालिम संचालन गरिएको ।
- स्थानीय बैकंसंग समन्वय र साझेदारीमा मोबाईल बैङ्कीङ प्रणाली मार्फत वार्षिक ४ पटक वडा कार्यालयबाट सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था मिलाइएको।
- चालु आ.व. मा ११ वटा सहीत हालसम्म १६० वटा घ वर्ग इजाजत पत्र जारी गरिएकोमा हालसम्म वटा १०२ वटा नविकरण भएको।
- गाउँपालिकाको सेवा प्रवाह व्यवस्थापन गर्न चालु आ.व. मा २३० वटा फर्महरुले गाउँपालिकामा सूचीदर्ता गरी कार्यसम्पादनमा सहयोग गरेको ।
- आ. व. २०८०/८१ मा गाउँपालिकामा ३० वटा जलस्रोत संस्था दर्ता गरिएको।

**सामाजिक विकास:**

- आ.व. २०८०/८१ मा सम्पादन भएका संघीय सरकार सशर्त अनुदान तथा प्रदेश र स्थानीयका विभिन्न शैक्षिक कार्यक्रम र परीक्षाहरुको प्रभावकारीताको अवलोकन, अनुगमन तथा निरीक्षण गरिएको साथै सुधारका लागि सुझाव दिईएको।

- रोशी गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुमा कार्यरत प्रधानाध्यापकहरुको उच्च मनोबल बढाई शैक्षिक सुशासन कायम गर्न मासिक रु ५०० का दरले प्र.अ. प्रोत्साहन ६९ जना प्रधानाध्यापकहरुलाई प्रोत्साहन उपलब्ध गराइएको ।
- शुन्य दरबन्दी भएका सामुदायिक विद्यालयहरुका लागि पालिकास्तरीय प्राथमिक -१ र निमावि-५, साविक उच्च माध्यमिक २ गरी जम्मा ८ वटा शिक्षण अनुदानको व्यवस्थालाई निरन्तरता दिइएको ।
- रोशी गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुमा मातृभाषा शिक्षा (तामाङ) सम्बन्धी ३ दिने तालिम १५ जनाको सहभागीतामा संचालन गरिएको ।
- रोशी गाउँपालिका अन्तर्गत संचालित २ वटा माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला तथा ३ वटा माध्यमिक विद्यालयहरुमा ICT Lab स्थापना गरिएको ।
- चालु आर्थिक बर्षमा हालसम्म गाउँ शिक्षा समितिको बैठक ६ पटक, विद्यालय सुपरीवेक्षण तथा अनुगमन समितिको बैठक ६ पटक , विद्यालय स्तरीय परीक्षा समितिको बैठक ३ पटक र विषयगत शिक्षक समिति (रोष्टर) को वैठक ६ पटक संचालन गरी शैक्षिक गतिविधि/क्रियालाप, विद्यार्थीको मापन तथा मूल्याङ्कन सम्बन्धी विषयमा छलफल तथा निर्णयहरु गरिएको ।
- रोशी गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुको ७ पटक मासिक प्र.अ. बैठक संचालन गरिएको ।
- गाउँपालिकामा अध्ययनरत ६०५४ जना विद्यार्थीहरुको शैक्षिक उपलब्धि मापन तथा मूल्याङ्कनका लागि आधारभूत तह उत्तिर्ण परीक्षा तथा विद्यालयतहको प्रथम त्रैमासिक, अर्धबार्षिक तथा बार्षिक परीक्षा संचालन तथा व्यवस्थापन गरिएको ।
- गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुमा अध्यापनरत प्राथमिक तृतीय श्रेणीका ६९ जना, प्रावि द्वितिय श्रेणीका २० जना, निमावि तृतीय ७ जना, निमावि द्धितीय २ जना र मावि तृतीय १० गरी कुल १०८ जना स्थायी शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कनको प्राविधिक कार्य सम्पन्न गरी सम्बन्धित निकायमा पेश गरिएको ।
- गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुमा अध्यापनरत १५० जना स्थायी शिक्षक तथा ३४९ जना अस्थायी शिक्षक तथा विद्यालय कर्मचारीहरुको आ.व. २०७९/८० को सम्पत्ति विवरण संकलन, अद्यावधिक गरी सम्बन्धित निकायमा पेश गरेको ।

- रोशी गाउँपालिका भित्रका माध्यमिक तहमा अध्ययनरत १६ विद्यालयका खेलाडीहरुको सहभागितामा २८ विधामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरिएको।
- विद्यार्थीहरुलाई विद्यालयमा टिकाउन र शैक्षिक पहुँच अभिवृद्धि गर्न कक्षा १ देखी ५ सम्मका बालबालिकाहरुका लागि दिवा खाजा कार्यक्रम मार्फत २८८१ जना विद्यार्थी लाभान्वित भएको।
- बडा दशै र दिपावलीको अवसरमा गाउँपालिकाका कर्मचारी तथा प्रहरी बिच मैत्रीपुर्ण फुटबल प्रतियोगिता संचालन गरिएको।
- रोशी गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुमा कार्यरत १५० जना स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन पारित गरीएको।
- रोशी गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुमा अध्ययनरत ७५ जना विद्यार्थीहरुको सहभागीतामा जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगतामा सहभागी भएको साथै उक्त कार्यक्रमबाट १ वटा रजत पदक तथा ८ वटा कास्य पदक प्राप्त गर्न सफल भएको।
- रोशी गाउँपालिका अन्तर्गत संचालित ६९ सामुदायिक तथा ३ वटा संस्थागत विद्यालयहरु गरी कुल ७२ वटै विद्यालयहरुको ३ वटा अनुगमन टोली निर्माण गरी सामुहिक रुपमा विद्यालय अनुगमन सम्पन्न गरिएको साथै उक्त प्रतिवेदनको सुझाव, गाउँ शिक्षा समितिको मिति २०८०/१२/२८ को निर्णय सिफारीस तथा गाउँ कार्यपालिकाको मिति २०८०/१२/२९ को निर्णय अनुसार ५ वटा विद्यालयहरु अन्य विद्यालयमा गाभिएको तथा कक्षा ५ सम्म संचालन भई विद्यार्थी संख्या न्यून रहेका विद्यालयहरुको विद्यार्थी संख्या तथा भौगोलिकताका आधारमा ८ वटा विद्यालयहरुको तह घटाई कक्षा ३ सम्म संचालन गर्ने व्यवस्था मिलाइएको।
- आ.व. २०८०/८१ मा यस रोशी गाउँपालिकाको सबै गाउँ, टोल, बस्ती, क्षेत्रभित्र गरिएको सर्वेक्षणमा ६७५२ घरधुरी तथा ४ बर्ष देखि १३ बर्षसम्मका विद्यालय उमेरसमुहका कुल ५७०४ बालबालिकाहरु देखिएको तथा सत प्रतिशत बालबालिकाहरु विद्यालयमा भर्ना भएको पाइएको आधारमा गाउँपालिका अन्तर्गतका सबै वडाहरु अनिवार्य तथा निःशुल्क शिक्षा लागु भएको वडा घोषणा गरिएको साथै गाउँपालिकालाई समेत मिति २०८१ असार ६ गतेदेखि लागु हुनेगरी अनिवार्य तथा निःशुल्क शिक्षा लागु भएको स्थानीय तह घोषणा गरिएको।
- ६० बर्ष माथिका नागरिकको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत हाल सम्म १६१८ परिवारको स्वास्थ्य बीमा गरिएको ।
- सुत्केरी आमा पोषिलो खाना कार्यक्रम अन्तर्गत १९९ जना आमाहरु लाभान्वित भएको।

- सबै स्वास्थ्य संस्थाहरुको १८ पटक सहयोगात्मक सुपरिवेक्षण तथा अनुगमन गरि सेवा प्रवाह प्रभावकारी बनाउन सहयोग पुर्‍याएको ।
- सबै स्वास्थ्य संस्थाबाट टोल वस्तीमा स्वास्थ्य सेवा प्रदान गर्ने योजना निर्माण गरी सेवा प्रवाह प्रभावकारी बनाउन सहयोग पुर्‍याएको ।
- x-ray सहितको क्षयरोग स्क्रनिङ शिविरबाट ४४१ जना लाभान्वित भई समुदायमा लुकेर रहेका ६ जना क्षयरोगका विरामीहरु पत्ता लागेको र उक्त विरामीहरुलाई उपचारको दायरामा ल्याईएको ।
- निःशुल्क आँखा शिविरको आयोजना गरि ४२७ जनाको आँखा परिक्षण, ४८ जनाको मोतिविन्दुको शल्यक्रिया रेयुकाई मासुनागा आँखा अस्पतालको सहयोगमा गरिएको ।
- स्वास्थ्य चौकिहरुको आ.व. २०७९/८० को सामाजिक परिक्षण कार्य सम्पन्न गरिएको ।
- निःशुल्क एम्बुलेन्स सेवा अन्तर्गत १२० जना गर्भवती/सुत्केरी आमाहरु लाभान्वित भएकको ।
- BKHCCI कार्यक्रम अन्तर्गत ३४३ जना विरामीलाई उच्च रक्तचापको उपचार सुरु गरिएको ।
- ग्रामिण भिडियो एक्स रे सेवा घुम्ति रुपमा संचालन गरि १२४ जना गर्भवती महिलाहरु लाभान्वित भएको ।
- ५ वटा स्वास्थ्य संस्थाबाट मानसिक स्वास्थ्य सेवा संचालन गरिएको ।
- १६ जना म.स्वा.स्वंय.से.हरुलाई १० दिने आधारभूत तालिम प्रदान गरी क्षमता विकास गरिएको ।
- ५२ जना नागरिकलाई विपन्न उपचार सिफारिस गरिएको ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई 'क' वर्गको ८ थान, 'ख' वर्गको ९ थान, 'ग वर्गको २ थान, र 'घ' वर्गको १ थान गरी जम्मा २० थान कार्ड वितरण गरिएको ।
- ६० बर्ष उमेर पुगिसकेका ज्येष्ठ नागरिकहरुलाई नेपाल सरकारको नियमानुसार स्वास्थ्य सेवा,यातायात लगायत अन्य सेवामा सौलियतको लागि ३३ थान ज्येष्ठ नागरिक कार्ड वितरण गरिएको ।
- महिला दिदी बहिनीहरुको महान् चाड हरितालिका तीजको अवसरमा १२ वटै वडाका २०० जना महिला दिदी वहिनीहरुको सहभागीतामा तीज विशेष दर खाने कार्यक्रम सम्पन्न गरीएको ।
- लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत १३ जनाको सहभागीतामा रोशी मा.वि कटुञ्जेबेशीमा अन्तर माध्यमिक तह स्तरीय वक्तृत्वकला प्रतियोगिता संञ्चालन गरी प्रथम,,द्वितीय र तृतीयलाई पुरस्कृत गरी सहभागी भएका विद्यार्थीहरुलाई सम्मान-पत्र वितरण गरी सम्पन्न गरिएको ।

- हायु जातिको कला,संस्कृति,भाषा र भेषभुषाको संरक्षणको लागि बाजागाजा ,पोषाक आदि लोपउन्मुख जाति संरक्षण तथा उत्थान कार्यक्रम संचालन गरिएको ।
- अन्तराष्ट्रिय महिला दिवसको अवसरमा शुभकामना आदान-प्रदान तथा अन्तरक्रिया कार्यक्रम संञ्चालन सम्पन्न गरिएको ।
- दलित उत्थान कार्यक्रम अन्तर्गत दलित समुदायमा प्राविधिक शिक्षा,उच्च शिक्षा र लोकसेवा तयारी गर्न प्रोत्साहन कार्यक्रम अन्तर्गत दलित समुदायका ६ जना विद्यार्थीलाई प्रोत्साहन रकम जनहि रु ३२,२००/- प्रदान गरिएको ।
- दलित उत्थान कार्यक्रम अन्तर्गत वडा नं. ६ मा २५ वटा उन्नत जातका बाख्रा, वडा नं.९ मा १६ वटा सिलाई मेसिन, ३ वटा वाईलिङ मेसिन र उन्नत जातका १० वटा बाख्रा साथै वडा नं. ५ मा २२ वटा उन्नत जातका बाख्रा वितरण गरिएको ।

**आर्थिक विकास:**

- दलित,विपन्न वर्ग, पिछडिएका जाति, एकल महिला तथा वास्तविक कृषकहरुको पोषण तथा खाद्य सुरक्षाका लागि १२ वटै वडामा विभिन्न तरकारीका जम्मा १८४२ पाकेट मिनिकिट वितरण गरिएको ।
- कृषकहरुको चाहना र आवश्यकता अनुसार नर्सरी स्थापना तथा व्यवस्थापन, तरकारी खेती प्रविधि, फलफूल बगैँचा व्यवस्थापन, बाली संरक्षण सम्बन्धी प्रत्येक वडामा पालिकास्तरीय स्थलगत घुम्ती कृषक तालिम कार्यक्रम जम्मा ३६० जना कृषकहरुको सहभागितामा सम्पन्न गरिएको ।
- विरुवाको वृद्धि विकासको लागि अति आवश्यक खाद्यतत्व घामपानीबाट जोगाउनको लागि गोठेमल तथा पशुमुत्रको उचित व्यवस्थापन गर्न १३ वटा कृषि फर्महरुलाई गोठ तथा भकारो सुधार गर्न अनुदान प्रदान गरिएको ।
- ७ वटा कृषि फर्म/कृषि सहकारीहरुलाई फलफूल बगैँचा विस्तार तथा प्रवर्द्धन गर्न फलफूल विरुवा, सिंचाई सामाग्री तथा कृषि औजार अनुदानमा सहयोग गरिएको ।
- जुनार तथा सुन्तलाजात फलफुलको फल कुहाउने औंसा किरा व्यवस्थापनका लागी अनुदानमा (किटनाशक विषादी) १०० जना कृषकलाई ११५ लिटर प्रोटिन बेट वितरण गरी किराको प्रकोप न्यूनीकरणमा टेवा पुर्याईएको ।

रोशी गाउँपालिका
गाउँपालिकाको कार्यालय
रोशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश नेपाल

- आ.व. २०७९/८० मा स्थापना भएको तरकारीबाली पकेट विकास कार्यक्रमको निरन्तरता अन्तर्गत रोशी गाउँपालिका वडा नं ७ र ९ का तीन वटा कृषक समूहका ७० जना कृषकहरुलाई ५० % अनुदानमा तरकारी बिउ, प्लाष्टिक टनेल, स्प्रेयर, विषादी, मिनिटिलर, सिंचाई सामाग्री तथा अन्य कृषि औजार हस्तान्तरण गरी कार्यक्रम सम्पन्न गरिएको।
- कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम र किसान सूचीकरण कार्यक्रमलाई गाउँपालिका डिजिटल प्रोफाईल निर्माण कार्यक्रमसँग आवद्ध गरि संचालन गरिएको।
- फलफुल प्रवर्द्धन कार्यक्रम (ड्रागनफल), रोशी-९ अन्तर्गत रोशी गाउँपालिका वडा नं ९, पिन्थलीमा १० रोपनी जग्गामा ड्रागनफल खेती विस्तार, पोल निर्माण तथा जडान, थोपा सिंचाई जडान गरी व्यवसायिक रुपमा ड्रागनफल खेती गरिएको।
- रोशी गाउँपालिका वडा नं ९ मा २९ जनालाई उच्च प्रविधियुक्त टनेल निर्माण तथा मिनिटिलर वितरण
गरिएको।
- फलफूल तथा तरकारी खेती प्रवर्द्धन कार्यक्रम (राजमार्ग कोरिडोर) १२० जना रोशी गाउँपालिकाका कृषकहरुलाई उत्पादन सामाग्री (तरकारी बिउ, फलफुल विरुवा, विषादी, टनेल, कृषि औजार आदि) अनुदानमा उपलब्ध गरी संचालन गरिएको।
- अगुवा कृषक भ्रमण कार्यक्रम अन्तर्गत १२ वटै वडाका १२ जना अगुवा कृषकहरु समेटी मकवानपुर, चित्लाङ हुदैँ कास्की, लुम्ले सम्मका विभिन्न कृषि तथा पशु फर्म, अनुसन्धान केन्द्र, उद्योगहरुमा ५ दिने अध्ययन अवलोकन भ्रमण सम्पन्न गरिएको।
- कृषि सामाग्री कम्पनी, धुलिखेलबाट युरिया मल ३३५० बोरा र डिएपी मल १३४० बोरा तथा साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड, बनेपाबाट युरिया १७०० बोरा र डिएपी १५०० गरी जम्मा ५,०५० बोरा युरिया मल र २८४० बोरा डिएपी मलको कोटा प्राप्त भएको र गाउँपालिका भित्रका रासायनिक मल बिक्रेता डिलरशीप प्राप्त कृषि सहकरी संस्थाहरुद्धारा सम्बन्धित कार्यक्षेत्रमा मल विक्री वितरण गरिएको।
- "रोशी गाउँपालिका" र "बिन्धवासिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, काभ्रेपलाञ्चोक" बीच व्याज अनुदानमा कृषि तथा पशुपालन क्षेत्रमा रु ३,६२,५०,००० लगानी गरिएको जस अन्तर्गत ४४ जना कृषक लाभन्वित भएको।

- स्थानीय तह मल वितरण व्यवस्थापन समितिको बैठक ८ पटक गरी विभिन्न कृषि विकास कार्यक्रम संचालन सम्बन्धी निर्णय गरी कार्यक्रम संचालन गरिएको।
- कृषि तथा पशुपंछी फर्म ४५ वटा तथा कृषक समूह ८ वटा दर्ता गरिएको।
- कृषि विकास कार्यालय, धुलिखेलको समन्वयमा रोशी गाउँपालिकाको विभिन्न वडाका कृषि फर्म/समूह/सहकारीहरुमा ६५ जना कृषकको सहभागीतामा ४ दिने मकैबाली/मसलाबाली/पुष्प खेती प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालन गरिएको।
- कृषकहरुको बालीनालीमा लाग्ने रोग किरा लगायत अन्य समस्या समाधानका लागी खेतबारीको स्थलगत निरीक्षण गरी ३३ जना कृषकलाई प्राविधिक सेवासल्लाह, सुझाव प्रदान गरिएको।
- सम्भावित लघु उद्यमी छनौटका लागि वडा नं. २,८ र ९ मा ५० जनाको सहभागितामा अभिमुखीकरण कार्यक्रम संञ्चालन गरिएको।
- गाउँपालिकाका सबै क्षेत्रका कृषकहरुलाई २०० वटा जुनारको २०० वटा कागतीको, २०० वटा सुन्तलाको १०० वटा एभोकार्डोको र १०० वटा ओखरको विरुवा वितरण गरिएको।
- पशु बीमा कार्यक्रम अन्तर्गत ८४५ वटा पशुहरुको निःशुल्क पशु बीमा गरिएको।
- दुग्ध उत्पादन र उत्पादकत्व बृद्धि गर्न ५५२ जना कृषकहरुलाई २५०० के.जी घाँसको वीउ वितरण गरिएको।
- गाउँपालिका भित्रका १५,००० बाख्रालाई पि.पि.आर खोप लगाईएको।
- २१५० गाई भैसीलाई लम्पी स्कीन बिरुद्धको खोप लगाईएको।
- ६ जना कृषक तथा १ कृषक समुहलाई हरीयो घाँस खेती विस्तार कार्यक्रमबाट रु. ७ लाख ८८ हजार रकम वितरण गरिएको।
- भैसी प्रवर्धन कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका ४८ जना कृषकलाई नमुना भैसी पालनको लागि रु. २० लाख रकम बराबरको अनुदान वितरण गरिएको।
- वडा नं.८ खार्पाचोकमा १९ जना सहभागीहरुलाई उद्योग वाणिज्य कार्यालयको सहयोगमा ७ दिने उद्यमशीलता विकास तालिम संञ्चालन गरिएको ।
- ५४ जना महिला र पुरुषलाई ७ दिने उद्यमशीलता विकास तालिम संचालन गरिएको ।
- वडा नं.४ महादेवटारमा ८ जना पुरानो लघु उद्यमीहरुलाई ७ दिने पशुपालन सम्बन्धी पुनर्ताजगी तालिम संञ्चालन सम्पन्न गरिएको।

- वडा नं.५ दोकर्पामा १५ जना पुरानो लघु उद्यमीहरुका लागि ७ दिने कृषि तथा पशुपालन सम्बन्धी पुनर्ताजगी तालिम संञ्चालन सम्पन्न गरिएको ।
- वडा नं. १ फलामेसाँघुमा होमस्टे तालिमका सहभागीहरुलाई लघु वित्तमा पहुँच र बजारीकरण सम्बन्धी १/१ दिने अन्तरक्रियात्मक कार्यक्रम संञ्चालन सम्पन्न गरिएको ।
- नयाँ लघु उद्यमी सृजना तर्फ २ समूहका २६ जना र पुरानो उद्यमी ( स्तरोन्नति ) तर्फ ३ वटा समूहका ३३ जनालाई आवश्यक प्रविधि सहयोग गरिएको ।

**पूर्वाधार विकास:**

- आ.व. २०८०/८१ मा सम्झौता भएका निर्माण सम्बन्धि ३०५ वटा आयोजनाहरु मध्ये १२७ वटा सडक पूर्वाधार, ४ वटा स्वास्थ्य, २२ वटा शिक्षा, १४ वटा खानेपानी, ९ वटा सिंचाई, ५८ वटा मठ/मन्दिर/पाटी पौवा, १७ वटा वन वातावरण तथा विपद व्यवस्थापन, ४ वटा लक्षित वर्ग कार्यक्रम, ८ वटा सार्वजनिक भवन निर्माण र ३ वटा जल उत्पन्न प्रकोप नियन्त्रण गरी जम्मा २६६ वटा आयोजनाहरु सम्पन्न भईसकेको ।
- जिल्ला समन्वय समितिको ६०% र गाउँपालिकाको ४०% लागत साझेदारीमा १ विद्यालय मर्मत, ६ वटा वडा कार्यालयको स्तरोन्नती तथा तला थप र गाउँपालिका कार्यालयको खानेपानी आयोजना सम्पन्न गरिएको ।
- गाउँपालिका क्षेत्रभित्र हालसम्म ९५० मिटर कालोपत्रे, ३.३२ कि.मी सडक ग्राबेल, नयाँ ट्र्याक ७.८४ कि.मी, बाटो सोलिङ १.३९ कि.मी, पक्की नाली निर्माण ४.२ कि.मी , नयाँ धारा १२६ वटा जडान र २ वटा घाट्टेपार्टी निर्माण कार्य सम्पन्न भएको ।
- **ठेक्का मार्फत बहुवार्षिय चालु आयोजना अन्तर्गत**

    - १० बेड हस्पिटल खहरेपाँगु रोशी-१

      सम्झौता रकमः ६ करोड ५ लाख ८६ हजार ४३ रुपैया
      वित्तीय प्रगतिः ६२%

      भौतिक प्रगतिः ७३%

    - तीनधारे झरना संरक्षण रोशी -२ को सम्झौता रकम २ करोड ८० लाख ९० हजार ९ सय ६९ रुपैया र जसको वित्तीय प्रगति ७०% र भौतिक प्रगति ७५% रहेको ।

- गाउँपालिकाको प्रशासकीय भवनको सम्झौता रकम ५ करोड ५६ लाख १४ हजार ६ सय ८९ रहेको र हालसम्मको वित्तीय प्रगति ६८% र भौतिक प्रगति ७०% रहेको।

- ठेक्का मार्फत सम्पादित योजनाः

  - ताराखसे हात्तिआहल पर्यटकीय क्षेत्र योजनाको सम्झौता रकम ६४ लाख ५६ हजार र हालसम्मको वित्तीय प्रगति १००% र भौतिक प्रगति १००% रहेको।

  - चौकीडाँडा खहरेपाँगु सडकको सम्झौता रकम ८५ लाख ८९ हजार रहेको र वित्तीय प्रगति १००% र भौतिक प्रगति १००% रहेको।

  - कालढुङ्गा गोमती भञ्ज्याङ सडकको ठेक्का सम्झौता रकम १ करोड १३ लाख रहेको र हालसम्म वित्तीय प्रगति ८४% भौतिक प्रगति ८५% रहेको।

  - माम्ती हर्कपुर शिखरपुर घ्याङडाँडा सडकको ठेक्का सम्झौता रकम १ करोड १२ लाख रहेको र हालसम्मको वित्तीय प्रगति ७२% र भौतिक प्रगति ७५% रहेको।

**वन वातावरण तथा विपद् व्यवस्थापन:**

- चालु आ.व. मा गाउँ विपद् व्यवस्थापन समितिको ४ वटा बैठक बसि विपद व्यवस्थापन योजना बनाइ कार्यान्वयन गरिएको।
- विपद् व्यवस्थापन समितिबाट हालसम्मा १४ जनालाई जम्मा रु. २,८०,००० राहत वितरण र १७ वटा समुहलाई विपद् सामाग्री वितरण गरिएको।
- रोशी गाउँपालिका क्षेत्रभित्र भएको आगलागीबाट प्रभावित घरपरिवारलाई १५ वटा त्रिपाल, ७० बोरा चामल, ५५ के.जी दाल, ५५ लिटर तेल, २० के.जी. नुन, १५ सेट म्याट्रेस वितरण गरिएको। साथै बाढी पहिरो पिडितलाई १० बन्डील जस्ता, २ सेट सिरक डस्ना र खाद्य सामाग्री वितरण गरिएको।
- विपद् प्रतिकार्य र खानेपानीको सेवा सुचारु गर्न गाउँपालिका क्षेत्रभित्र २७००० मिटर खानेपानी पाईप वितरण गरी १५५० घरपरिवार लाभांवित भएको।
- विपद् उद्धार तथा प्रतिकार्यको लागि इलाका प्रहरी कार्यालय तथा कटुञ्जेबेशी प्रहरी चौकीलाई साबेल, पिग, डोरी, हेल्मेट, बुट, लाईफ ज्याकेट र रुख कटान मेसिन हस्ताण्तरण गरिएको।

- विपद व्यवस्थापनको लागि संघ, प्रदेश र विभिन्न संघसंस्थासँग समन्वय र सहकार्य गरी विपद् व्यवस्थापन गरिएको।
- आपतकालिन रुपमा आउनसक्ने विपद् व्यवस्थापनको लागि गाउँपालिकामा विपद् व्यवस्थापन कोषको व्यवस्था गरिएको छ।

**न्याय सम्पादनः**

- आ. व. २०८०/८१ को हालसम्मको उजुरी दर्ता संख्या - १४, उजुरी फछ्यौंट संख्या – ११ र मेलमिलाप संख्याः ११ रहेको छ।
- न्यायिक समितिको बैठक संख्या - २५ रहेको छ।
- गाउँपालिकामा १२ वटा मेलमिलाप केन्द्र रहेको र ५३ जना मेलमिलापकर्ताहरु गाउँपालिकामा सुचिकृत गरिएको।
- ५३ जना मेलमिलापकर्ता तथा न्यायिक समितिका पदाधिकारीको लागि २ दिनको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिएको।
- रोशी गाउँपालिका भित्रका सबै ५३ जना मेलमिलापकर्तालाई वार्षिक रु. ३५०० का दरले संचार खर्च प्रदान गरिएको।

**धन्यवाद।**

**२०८१/०३/१०**